
# हिमाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

धुलाचौर बाजुरा,

सुदूरपश्चिम प्रदेश नेपाल



# आर्थिक वर्ष २०८२।०८३ को

# बजेट वक्तव्य

CamScanner

**गाउँ सभा अध्यक्ष महोदय,**
**गाउँ सभा सदस्य ज्यू,**

प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, विभिन्न स्थानीय व्यक्तित्व, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरुलाई हिमाली गाउँपालिकाको १६ औं गाउँ सभा तथा ९ औं बजेट तथा कार्यक्रम प्रस्तुत समारोहमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको कानूनी व्यवस्था अनुसार बजेट एवं कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम (आय व्यय विवरण सहितको) पेश गर्न गईरहेको छु । "स्वास्थ, शिक्षा, कृषि, जडिवुटि, पर्यटन र पूर्वाधार औद्योगिकरण, सुशासन समृद्धि हिमालीको आधार" भन्ने मुल नारा सहित स्वास्थ, शिक्षा, जडिवुटी र पर्यटनमा प्रगतिको मुहार फेरी गाउँवासीको जनजीवनलाई सामान्य अवस्थामा ल्याई औद्योगिकरण र सुशासनको विकासलाई संग-संगै सम्वोधन गर्नुपर्ने चुनौतीपूर्ण एवं कठिन परिस्थितिको विचमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै रहदा मैले जिम्मेवारी बोध गर्दै आर्थिक वर्षको बजेट तथा कार्यक्रम सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहान्छु ।

**गाउँ सभा अध्यक्ष महोदय,**
**गाउँ सभा सदस्य ज्यहरु,**

१. भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु केही चुनौतीहरु विद्यमान नै छन् । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिकीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी

हिमाली गाउँपालिका गाउँपालिकाको कार्यालय धुलाचौर, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा संविधानको अनुसुची (८) मा स्थानिय तहको आधिकार वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरी आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

२. राज्यको निर्देशक सिद्धान्त, संघिय आर्थिक नीति, प्रादेशिक नीति र दिगो विकासका लक्ष्य, सोह्रौ आवधिक योजनाको लक्ष्य, प्रादेशीक आवधिक योजनाका लक्ष्य प्राप्ति एवं स्थानीय सरकारको नीति र कार्यक्रमलाई कार्यन्वयन गर्ने गरी बजेट तर्जुमा गरेका छौं । मैले यस सम्मानित सभामा मिति २०८२ आषाढ १० गते प्रस्तुत गरेको विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता तथा गाउँ कार्यपालिका र गाउँसभाका सदस्यहरु विभिन्न क्षेत्रबाट प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सुझाव समेतलाई बजेट तर्जुमाको मुल आधार बनाएको छु ।

३. बजेट तर्जुमा गर्दा मैले स्थानिय सरकारको अधिकार सूची, केन्द्र सरकारको निति तथा कार्यक्रम, प्रदेश सरकारको निति तथा कार्यक्रमलाई ध्यान दिई तिव्र, उच्च, फराकिलो र समावेशी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रीत गर्न खोजेको छु ।

४. स्थानीय जनअपेक्षा र आदरणीय सभाका सदस्यहरुको विकास प्रतिको तिव्र अपेक्षाको सम्बोधन गर्न ठुलो आकारको बजेटको आवश्यकता पर्ने देखिन्छ । गाउँपालिकाले प्राप्त गर्ने स्रोत र साधन, खर्च गर्न सक्ने क्षमताका आधारमा यो बजेट तर्जुमा गरेको छु ।

५. गाउँपालिकाको आर्थिक विकासका लागि कानुन तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरीक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, आयोजनाको प्राथमिकिकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन, विकटता अशिक्षा वेरोजगारीसँगै हालका गरिवि लाई न्युनिकरण गरी रोजगारीमुलक वनाउने हाम्रा प्रमुख चुनौति रहेका छन् । जहाँ समस्या त्यहाँ समाधान भने जस्तै यी चुनौतीलाई अवसरको रुपमा परिणत गर्न यो बजेट पक्कै पनि उपलब्धी मुलक हुने अपेक्षा गरेको छु ।

गाउँपालिका अध्यक्ष

CamScanner

**गाउँ सभा अध्यक्ष महोदय,**
**गाउँ सभा सदस्य ज्यू,**

अब म चालु आर्थिक वर्ष २०८० ।०८ १ को यथार्त आम्दानि र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| आम्दानीको श्रोत | आय रु. | व्यय रु. | अल्या तथा फिर्ता पठाएको रकम रु. |
|---|---|---|---|
| चालु तथा पुजीगत तर्फ | ३५१८४६३००० (३५ करोड १८लाख ४६ हजार ३ सय ) | २९९०७३६४० ( २९ करोड ९० लाख ७३ हजार ६ सय ४० ) | ५ करोड २७ लाख ७२ हजार ६ सय ६० |

त्यस्तै गरि चालु आर्थिक वर्ष २०८१ ।०८ २ को संशोधित आम्दानि र खर्चको विवरण हाल सम्म यसप्रकार रहेको छ :

| आम्दानीको श्रोत | आय रु. | व्यय रु. | अल्या तथा फिर्ता पठाएको रकम रु. |
|---|---|---|---|
| चालु तर्फ | २३६६१२००० (२३ करोड ६६ लाख १२ हजार ) | १८९६४२४१६ ( १८ करोड ९६ लाख ४२ हजार ८ सय १६ ) | ४ करोड ६९ लाख ६९ हजार १ सय ८४ |
| पुजीगत तर्फ | १४ ६०३८५०० ( १४ करोड ६० लाख ३८ हजार ५ सय ) | ९७४१०१७० ( ९ करोड ७४ लाख १० हजार १सय ७० ) | ४ करोड ८६ लाख २८ हजार ३ सय ३० |

आगाम आ.व.२०८२/०८३ को अनुमानित आय र व्ययको विवरण पेश गर्न चाहन्छु ।

हिमाली गाउँपालिकाबाट तयार गरिएका नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयन गर्न आ.ब. २०८२/०८३ का लागि प्राप्त हुने आयको विवरण पेश गर्न चाहन्छु।

१) आन्तरिक आयको रुपमा कर तथा राजश्वबाट रु ७० लाख

गाउँपालिकाको कार्यालय, धुलाचौर, ... कर्णाली प्रदेश

जीवन बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

२) गत वर्षको अल्याबाट रु १ करोड १६ लाख २९ रुपैयाँ ।

<u>संघिय सरकारबाट प्राप्त अनुदान</u>

१) वित्तिय समानिकरण तर्फ रु. ९ करोड ५० लाख ।

२) राजश्व बाँडफाँडबाट रु. ९ करोड ९३ लाख रुपैयाँ ।

३) समपुरक अनुदानबाट रु. १ करोड १९ लाख

४) संघीय बिशेष तर्फको ५७ लाख

५) संघीय सरकारबाट प्राप्त हुने शसर्त चालु तर्फ १२ करोड ३९ लाख

६) संघीय सरकारबाट प्राप्त हुने शसर्त पुजीगत तर्फ ४१ लाख

<u>प्रदेश सरकारबाट प्राप्त अनुदान</u>

१) वित्तिय समानिकरणबाट रु. ७५ लाख ३३ हजार

२) राजश्व बाँडफाँडबाट रु. ३१ लाख ४० हजार

३) समपुरक अनुदानबाट रु. १ करोड ८२ लाख

४) प्रदेश बिशेष तर्फको ५५ लाख

आ.व आ.व.२०८२/०८३ को लागि प्राप्त कुल बजेट ३९ करोड २९ लाख २ हजार मात्र बजेट यस गरिमामय सभामा पेश गर्न चाहन्छु ।

यसै गरि आ.व.२०८२/०८३ को लागि व्यय तर्फको विवरण पेस गर्न चाहन्छु :

चालु तर्फ रु २३ करोड ३३ लाख ४० हजार

पुजीगत तर्फ १५ करोड ९५ लाख ६२ हजार

जम्मा ३९ करोड २९ लाख २ हजार

**अब म आर्थिक वर्ष २०८२।०८३ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान

CamScanner

- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गरि आत्मनिरभर गर्न सकिने क्षेत्रमा लगानी
- जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा वृद्धि
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग
- लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ
- दिगो विकास, जलवायु परिवर्तन, वातावरण संरक्षण र सम्वर्द्धन गर्न सघाउ
- स्थानिय नागरिकहरुलाई गुणस्तरिय सेवा प्रदानका लगि डिजिटल प्रणालीमा लगानी
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन स्थलको सरसफाई
- ऐतिहासिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन
- स्थानिय लोक संस्कृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण
- पर्यटन विकास ।

६. **<u>आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :</u>**

- सडक, पुल, विद्यालय, विद्युत, ऊर्जा, स्वास्थ्य संरचना, सिचाई, खानेपानी, औद्योगिकिरण लगायतका संरचना तथा भौतिक पुर्वाधार को सन्तुलित विकासमा जोड दिने,
- पर्यटन, कृषि, पशु घरेलु उद्यम जस्ता उत्पादनशिल क्षेत्रको लगानीवाट उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगार सिर्जना गर्ने,
- प्रधानमन्त्री रोजगार र युवा स्वरोजगार कार्यक्रम को माध्यमबाट रोजगारी सिर्जना गर्ने,
- गुणस्तरीय शिक्षा, डिजिटल प्रविधि र स्वास्थ्यमा जोड दिने,
- जडिबुटी संकलन, उत्पादन, व्यावसायिक र बजारीकिकरणमा जोड दिने,
- विपत् जोखीम न्युनिकरण गर्ने राष्ट्रिय अभियानमा गाउँपालिकाको तर्फबाट सोही वमोजिम कार्य गर्ने गरी सवै प्रकारका गतिविधि सञ्चालनमा जोड दिने ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

७. **"स्वास्थ्य, शिक्षा, कृषि, जडिवुटी, पर्यटन, र पूर्वाधार, औद्योगिकरण, सुशासन समृद्ध हिमालीको आधार"**

भन्ने नारालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८२/०८३ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु।

भौतिक पुर्वाधार (गाउँपालिका भवन, विद्यालय भवन, स्वास्थ्य चौकी भवन, सडक संरचना निर्माण, औद्योगिक ग्राम, पर्यटन पदमार्ग निर्माण,लिफ्ट खानेपानी, सार्वजनिक शौचालय स्तर उन्नती, लगाएत)

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकीकरण,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता क्षेत्रमा लगानी,
- पर्यटन पुर्वाधारको विकास र प्रवर्द्धन,
- पालिकाको सवै वस्तिमा उर्जाको विकास र विस्तार गरि उल्योलो पालिका
- जडिबुटी, संकलन, उत्पादन, व्यवसायिकिरण, र बजारीकिकरण,
- घरेलु उद्यम विकास,
- गुणस्तरिय सेवा प्रदानका लगि डिजिटल प्रणालीहरुको विकासमा लगानी,
- जलस्रोतको विकास र सिंचाई,
- खेलकुद पुर्वाधारको विकास,
- मानव संसाधन विकास, लक्षीत बर्ग हितमुलक कार्यकमहरु,
- वन तथा वातावरण, वृक्षारोपण
- विपद् तथा प्रकोप व्यवस्थापन र वेरोजगारी समस्या समाधान
- सामाजीक सुरक्षा र सामाजीक संरक्षण

अव म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८२ /०८३ को बजेट र कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

➢ कृषकहरुलाई आत्मनिर्भर गर्नका लागि कृषिक्षेत्र तथा पशुपन्छी क्षेत्रका कार्यक्रमहरु संचालन गर्नका लागि तपसिलको बजेटको व्यवस्था गरेको छु ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

हिमाली गाउँपालिकाको कार्यालय
बुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

| | |
|---|---|
| ज्ञानकेन्द्र संग साझेदारीमा फैती कृषि फलफूल खेति संरक्षण योजना | दुई लाख |
| टिमुर,बुद्दचित्ता ,स्याउ,ओखर लगायत अन्य फलफूलका . बिरुवाहरु ५० % अनुदानमा कृषकको मागको आधारमा | ३ लाख ५० हजार |
| कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम | ३ लाख ५० हजार |
| कृषि शाखा तर्फ कार्यक्रम | ६ लाख |
| पशु स्वास्थ्य शाखा तर्फ कार्यक्रम | १० लाख |

- <u>उन्नत जातका पशुपन्छी र मत्स्यपालन गरौ, पशुपन्छिबाट जिवीकोपार्जन गरी आत्मनिर्भर बनौं</u> भन्ने मुल नाराका साथ पशुपन्छिबाट प्राप्तहुने कच्चा प्रदार्थहरुबाट निर्मित पशुजन्य सामाग्रीहरुको उत्पादन गर्न पशुजन्य उद्योगहरुको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै उत्पादित सामाग्रीहरुको बजारिकरणको लागि आवश्यक बजेट व्यवस्थापन मिलाइएको छ ।
- भेडा बाखा पकेट प्याकेज क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गर्ने गरि भेडा प्रबद्दन कार्यक्रमको लागि रु ४ लाख विनियोजन गरेको छु ।
- याक चौरी प्रबद्दन कार्यक्रमको लागि रु ७ लाख ५० हजार विनियोजन गरेको छु ।
- रानीसैन लगायत उच्च हिमाली क्षेत्र पशुपालन सहयोग तथा पशु स्वास्थ्य सिविर संचालन गर्न २ लाख रकम विनियोजन गरेको छु ।
- उन्नत जातका पशुपन्छि उत्पादन गर्नाको लागि कृत्रिम गर्भधान कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- हिमाली गाउँपालिकामा भेडा बाखा पालन बृहत कार्यक्रम लागु गरि भेडा बाखा संग सम्वन्धित उन मल र मासुको प्रशोधन बजारीकरणमा जोड दिइने,गरि आवश्यक बजेट विनियोजन गरेको छु ।

गाउँपालिका
धुलाचौर,
सुदूरपश्चिम प्रदेश

- पशुपन्छी तथा कृषि जन्य रोग नियन्त्रणका लागी पशुपन्छी ल्याव,माटो परिक्षण प्रयोगशाला स्थापना गरी पशु प्राविधीकलाई ल्याव सम्बन्धी र गोवर परिक्षण सम्मबन्धी तालिम संचालन गर्न आवश्यक बजेट मिलाईएको छ ।
- जुनोटिक रोग नियन्त्रणका तथा रोगथाम गर्ने एबं पशु पंक्षीकालागि विभिन्न खालका खोप तथा औषधीको खरिदको लागि आवश्यक बजेट ब्यबस्था गरिएको छ ।
- कृषि तथा पशुपन्छी एम्बुलेन्स सेवा संचालन मार्फत कृषकलाइ थप सहयोग तथा सहजिकरण कृषि एम्बुलेन्स संचालन खर्च ब्यबस्थापन मिलाएको छु ।
- कृषि तथा पशुपालन क्षेत्रको विकासमा कृषक कृषि,समूह,सहकारी, सरकारी तथा गैरसरकारी संघ संस्था संग साझेदारी एबं सहलगानी कार्यक्रमका लागि आवश्यक बजेट ब्यबस्था गरिएको छ ।
- हिमाली गाउँपालिका वडा नं. ५ कुवाडीमा पशु तथा कृषि सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन आवश्यक पर्ने बजेटको व्यवस्था मिलाएको छु।
- **परम्परागत कृषिमा आधुनिक प्रविधि, रैथाने बाली र फलफुल खेती मार्फत आत्मनिर्भर बनाउने हिमालीको नीती"** लाई आत्मसात गर्दै रैथाने बाली र फलफूल प्रशोधन प्याकेजिङ, लेबलिङ्गि गर्ने गरी उद्योगको स्थापना गरि रु ६ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।
- **रैथाने बालीका विउहरुको संरक्षण गर्दै आफूलाई चाहिने विउ आफै उत्पादन गरौ"** भन्ने नाराका साथ विउमा आत्मनिर्भर हुन रैथाने बालीहरु फापर, चिनो, कागुनो, मास्र्या लगायत अन्य बालि नालि गहुँ, मकै र कोदो जस्ता प्रमुख खाद्यान्न बाली एवम् दलहन, तरकारी आदिको पकेट क्षेत्र विस्तार गरी विउविजन उत्पादनका कार्यक्रमहरु संचालनमा ल्याउने गरि दलहन बालि पकेट कार्यक्रमको लागि १२ लाख बजेट विनियोजन गरेको छु ।
- स्थानिय स्थरमा उत्पादन हुने सिस्नुसंग सम्बन्धित सिस्नु पाउडर उधोग पाडी गाउँमा संचालनमा ल्याईसकेको र यसलाई गाउँपालिकाका सबै बस्तीमा जोड्दै सिस्नु उत्पादन प्रसोधन र बजारिकरणलाई जोड दिई रोजगारी र आर्थिक आर्जनको रुपमा विकास गर्न

गाउँपालिका स्तरीय सिस्नु लघु तथा मध्यम प्रशोधन ईकाई स्थापना गर्ने गरि बजेटको ब्यबस्था मिलाएको छु ।

- टिमुरका बिरुवाहरु उत्पादन एबं वितरण गर्नुका साथै टिमुर र अन्य फलफूल बिरुवा उत्पादन गर्ने नर्सरी स्थापना गर्ने गरि बजेटको ब्यबस्था मिलाएको छु ।
- स्थानीय स्तरमा उत्पादन हुने रैथाने बालिहरुलाई प्रसोधन र बजारीकरण गर्नका लागि लघु तथा मध्यम प्रशोधन उधोग स्थापना गर्ने गरि बजेटको ब्यबस्था मिलाएको छु ।
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तरगत हाल सञ्चालनमा रहेका पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै ब्लक र जोनका लागि क्षेत्र विस्तार गर्ने गरि बजेटको ब्यबस्था मिलाएको छु ।

<u>पर्यटन प्रवर्द्धन गर्नको लागि तपसिल बमोजिमका योजनाहरुमा बजेट विनियोजन गरिएको छ:</u>

- रानिशैन पर्यटकीय बहस कार्यक्रम तथा रानीसैन महोत्सव संचालन गरि हिमाली गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय सम्भावना बोकेको रानीसैन क्षेत्रलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने गरि कार्यक्रम संचालन गर्ने गरि ५ लाख बजेट विनियोजन गरेको छु ।
- कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म याफ्ट्रिङ सेवा सञ्चालनको कार्यलाई निरन्तरता दिनको लागि ६लाख बजेट विनियोजन गरेको छु ।
- पर्यटन क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुँद पुर्‍याउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगाएतका क्षेत्रहरुलाई पर्यटकिय सडक सञ्चालनसँग जोड्ने गरी <u>आ.व.२०८२।०८३</u> मै बौडी, गुम्बा, लाम्पाटा पदमार्गको रानीसैनसम्म आवश्यक बजेट विनियोजन गरेको छु।
- हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय

कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका रेडियो तथा, अनलाइन सामाजिक संजाल, टेलिभिजन बाट प्रसारण गर्ने लगायतका कार्यक्रम एवं योजना हरु तपसिल बमोजिम प्राथमिकीकरणक आधारमा बजेट विनियोजन गरेको छु :

| | |
|---|---|
| कालीका मन्दिर मर्मत , हिमाली -०४ फैति | रु ३ लाख ५० हजार |
| कालीका मन्दिर मर्मत , हिमाली -०४ बर्ता | रु १ लाख ५० हजार |
| ढोगर्ना लवासुर प्रवेश द्धार गेट निर्माण, हिमाली -०४ बर्ता | रु ३ लाख ५० हाजर |
| मष्टादेव मन्दिर निर्माण, हिमाली -०२ कोट | रु ३ लाख ५० हजार |
| रुपावली माई मन्दिर निर्माण हिमाली -०६ बोल्ढिक | रु २ लाख |
| मस्टा मन्दिर मर्मत तथा सिडी निर्माण फैती | रु २ लाख |
| चण्डिका मन्दिर निर्माण हिमाली ६ धिम | रु ३ लाख |
| माई मन्दिर फिल्ड निर्माण, हिमाली -०३ , युना | रु १ लाख ५० हजार |

| | |
|---|---|
| धवलपुरा मन्दिर निर्माण, हिमाली -०६ धिम | रु २ लाख |
| तरपरे मन्दिर निर्माण, हिमाली -०६ धिम | रु १ लाख ५० हजार |
| मष्टा दुवाडी फिल्ड निर्माण, हिमाली -०५ बच्छाया | रु २ लाख |
| कैलाश मन्दिर प्रबेस द्धार निर्माण , हिमाली -०४ फैति | रु ३ लाख |
| शिव मन्दिर निर्माण देउसैन, हिमाली -०१, देउसैन | रु १ लाख |
| शिव मन्दिर निर्माण नेटा, हिमाली -०१ नेटा | रु १ लाख |
| ढोकदिना शिव मन्दिर निर्माण टिन हिमाली -०१ टिन | रु १ लाख |
| मस्टा मन्दिर बौड़ी हिमाली ३ | रु १ लाख ५० हजार |
| मस्टा मन्दिर दमाइ टोल  मन्दिर निर्माण, हिमाली -०७ बाँधु | रु १ लाख ५० हजार |
| डाँडिया पिपल चौतार निर्माण , हिमाली -०७ बाँधु | रु १ लाख |
| लाम्पाटा हिल्सा मन्दिर निर्माण, हिमाली -०३ लाम्पाटा | रु २ लाख ५० हजार |
| शिव मन्दिर निर्माण, हिमाली -०३ , बौडी | रु २ लाख |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| बानादेव मन्दिरमा ग्रिल छ्याल ढोका सिडी निर्माण, हिमाली -०६ धिम | रु २ लाख ५० हरु |
| सुकिलो हँस मन्दिर फिल्ड निर्माण | रु १ लाख |

- पर्यटकीय क्षेत्रमा रुची राख्ने युवाहरुलाई ट्रेकीङ्ग गाईड, होमस्टे सञ्चालन तथा पर्यटकीय प्रवद्र्धन मुलक तालीमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- पर्यटन प्रवद्धन प्रचारप्रसार गर्न डकुमेन्ट्री तथा रेडियो पत्रिका टेलिभिजन कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन मिलाएको छु ।
- पन्चे बाजा संरक्षण कार्यक्रमको लागि ३ लाख बजेटको व्यवस्थापन मिलाएको छु ।
- नेपाल देउडा संस्कृति संरक्षण समिति हिमाली बाजुरा मार्फत स्थानीय संस्कृति संरक्षण जागरण गर्ने कार्यक्रमको लागि रु ६ लाख रकम विनियोजन गरेको छु ।

**घरेलु तथा साना उद्योग तर्फ :**

- पालिका क्षेत्र भित्र काम गर्ने संघ सस्थाहरु संग साझेदारी गरी लघु उद्यम बिकास शाखा मार्फत व्यावसायी उद्यमीको सिर्जना गर्ने गरि बजेटको ब्यबस्था मिलायको छु।
- लघु उद्यम बिकास कार्यक्रम मार्फत र अन्य सिप बिकास तालिम र प्रबिधि हस्तान्त्रणको कार्यक्रम संचालन लगायत मेडपा कार्यक्रम अन्तर्गत रु ८ लाख बजेट विनियोजन गरेको छु ।
- बैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुलाई उद्यम र रोजगारीमा आवद्ध गराउने गरि १ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- नवप्रवद्दनमा आधारित लघु उद्यम तथा साना उद्योग सन्चालनमा गर्ने गरि तपसिल बमोजिमको शिर्षकम बजेट विनियोजन गरेको छ ।

| | |
|---|---|
| चौका घट्ट तथा भवन निर्माण हिमाली -०३ बौडी | २ लाख |
| हिमाली गाउँपालिका आरन उधोग सहयोग योजना | ३ लाख |
| गुम्बा आधुनिक घट्ट निर्माण हिमाली -०३ | १ लाख ५० |

| | |
|---|---|
| | हजार |
| सिस्नु उद्योग,हल्दी,तेल पेल्ले मेसिन (चुली, ढटेलो, ओखर, तिलखिडो), हिमाली | ३ लाख |
| देउसैन नेटा आधुनिक घट्ट हिमाली -०१ देउसैन | १ लाख |
| बिच्छयाँ आधुनिक घट्ट बिच्छयाँ हिमाली -०१ | १ लाख |
| घुड़ो छडी आधुनिक घट्ट निर्माण, हिमाली-०६ धिम | १ लाख |
| सुधारियको आधुनिक घट्ट निर्माण, हिमाली -०६ डाडाँबाडा बोल्ढिक | ७० हजार |
| पाँडी आधारभूत स्वास्थ्य प्रस्तुती गृह निर्माण, हिमाली-०६ पाँडी | २ लाख ५० हजार |
| घट्टया खोला आधुनिक घट्ट मर्मत, हिमाली -०४ फैति | १ लाख |
| आधुनिक घट्ट निर्माण, हिमाली-०६ पाँडी | १ लाख |
| रष्ट्रिक सेन्टर घरको मर्मत , हिमाली -०२ कोट | १ लाख ५० हजार |
| लाम्पाटा घट्ट निर्माण, हिमाली -०३ | ५० हजार |
| निगाला,बाँस तथा हस्तकलाका लागि सहलगानिमा फर्निचर उद्योग | १ लाख |
| आधुनिक उपकरण घट घर हिमाली ४ फैती | ८ लाख |
| तल्लो रुम्दी मिल योजना हिमाली ३ तल्लो रुम्दी | लाख |

- लघु घरेलु तथा साना उद्योग कार्यक्रममा महिला अपाङगता भएका व्यक्ति ,दलित, लगायत लक्षित वर्गसमुहलाई समाबेस गरी जिबिकोपार्जनमा सहयोग पुर्याईनेखालका कार्यक्रमको लागि आवश्यक बजेटको ब्यबस्था मिलाएको छ ।
- धुलाचौरमा निर्माण भएको औधोगिक ग्राममा गाउँपालिका क्षेत्र भित्र उत्पादित फलफूल लगाएत कृषि जन्य उत्पादीत वस्तु, पशुजन्य उत्पादीत वस्तु, जडिबुटी, काष्ठजन्य वस्तु, केतुके, अल्लो, लोक्ता लगाएतका अन्य बन पैदावारसंग सम्बन्धीत उद्योगहरु सञ्चालन

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

गरी रोजगारी सिर्जना गर्ने कार्यको सुरुवाती गर्ने गरि आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।

- घरेलु तथा साना उद्योग विकास क्षेत्रमा सहयोग गर्ने निकायसँगको सहकार्यमा तथा उधमी संगको लागत साझेदारीमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गर्ने गरि आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।

**सहकारी विकास तर्फः**

- गाउँपालिका भित्र स्थापना भएका सहकारीहरुको गुणस्तर र प्रभावकारीतालाई नियमन अनुगमन र सहकारी शिक्षामा जोड दिइने छ भने थप सहकारी विस्तार तथा विकास गरी सहकारीलाई पूँजी निर्माण साथै स्थानीय नागरिकलाई स्वरोजगार उत्पादन गराउने महत्वपुर्ण माध्यमको रुपमा स्थापित गरी रोजगारी वृद्धि गर्ने कार्यमा आवश्यक बजेटको ब्यवस्था मिलाएको छ।

**शिक्षा युवा तथा खेलकुद तर्फः**

- विद्यालयमा अध्यायनरत वालवालिकाहरुको आन्तरीक तथा वाह्य मुल्याङकन प्रणालीलाई पालिका भरी एकरुपता ल्याई विद्यालय तहको कक्षा ५ र ८ को परीक्षालाइ पालिका स्तरमा संचालन गरी उकृष्ट नतिजा ल्याउने परिक्षार्थीलाइ उचित पुरस्कारको व्यवस्थापन गर्ने गरि आवश्यक बजेटको ब्यबस्थापन मिलाएको छु ।

- सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा लेखा सम्वन्धी काम गर्ने कर्मचारीलाई सावजनिक खरीद, लेखा प्रणाली र जिन्सी दाखिला सम्वन्धी तालिमको व्यवस्था गरी विद्यालयको आर्थिक सुशासन कायम गर्न गाउँपालिकाले तोकेको लेखा परिक्षकबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्थाको लागि २ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

- उत्कृष्ट शिक्षक/कर्मचारी/बिद्यार्थी/ब्यवसायी सम्मान कार्यक्रम तथा मेला प्रदशनी कार्यक्रमको लागि २ लाख रकम विनियोजन गरिएको छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- **हाम्रो विद्यालय हाम्रो जिम्मेवारी** भन्ने भावना जागृत गरी विद्यालयमा अध्यायरत वालवालिकाको सिकाईमा सुधार गर्न अध्यक्षसगँ वालवालिका तथा शिक्षक अभिभावक अन्त्ररक्रिया कार्यक्रम संन्चालनको लागि ३ लाख रकम विनियोजन गरिएको छ ।
- शिक्षामा प्रतिस्पर्धा तथा बिद्यार्थी क्षमता विकासका लागि अन्तरविद्यालय अतिरिक्त शैक्षिक क्रियाकलाप एबं शैक्षक मेला कार्यक्रमको लागि ४ लाख रकम विनियोजन गरिएको छ ।
- विद्यालय शिक्षालाई सुचना प्रविधीमैत्री बनाई शैक्षिक गुणस्तर वृद्धि गर्नका लागी प्रत्येक विद्यालयमा ईन्टरनेट र इ-हाजिरी जडान गरिनेछ ।
- खेलकुदको लागि अध्यक्ष कप तथा रनिंग सिल्ड कार्यक्रमको लागि ५ लाख रकम विनियोजन गरिएको छ ।
- ECD तथा विद्यालयका सम्पूर्ण शिक्षकहरुको क्षमता विकासका लागी मेन्टरिड, सुपरिवेक्षण र पुनर्ताजकी तालीम संचालन गर्नको लागि आवश्यक बजेट ब्यबस्थापन गरिएको छ।
- स्थानिय स्तरमा रहेका सम्पूर्ण पक्षहरु जस्तै सास्कृतिक, धार्मिक, भौगोलिक तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुहरुलाइ समेटी पाठ्क्रम निर्माण भईसकेको अवस्थामा सोको कार्यन्वयनका लागी कक्षा १ देखि ८ सम्मको स्थानिय पाठ्यपुस्तक तयार गर्नको लागि ४ लाख रकम विनियोजन गरिएको छ ।
- विद्यालयको प्रशासन संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनका साथै समयानुकुल ज्ञान सिपको तथा क्षमताको विकासका लागी प्र.अ. नेतृतिव तथा क्षमता विकास तालिम कार्यकमसंन्चालन गर्गारने गरि बजेको ब्यबस्था मिलाएको छु ।
- शिक्षा गुणस्तरको लागि १२ कक्षा सम्म अध्ययन गराउने बिद्यालयको कार्यसम्पादन प्रगति ,शैक्षिक प्रगति प्रतिशत तथा बिद्यार्थी हाजिरी प्रतिशत एबं थप शिक्षक ब्यबस्थापनको आधारमा अनुदान रकम रु १२ लाख विनियोजन गरेको छु।
- युवा तर्फ व्यवशायिक रोजगारी प्रवर्द्धन मुलक शैक्षिक तालिम तथा लोकसेवा आयोग तयारि कक्षा लगायत अन्य सिपमुलक कक्षा संचालन गर्ने गरि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

- शैक्षिक गुणस्तर सुधारको लागि बिद्यालय अन्साइड भेटघाट अनुगमन तथा पढ्दै कमाउदै कार्यक्रम संचालन गर्ने गरि रु ३ लाख बजेट विनियोजन गरेको छु ।
- शिक्षक दरवन्दि नभएका र विद्यार्थी सख्या बढी भएका विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्थालाई निरन्तरता दिदै प्रत्येक माध्यमिक विद्यालय र आधारभुत तह कक्षा १-८ संचालन भएका विद्यालयहरुमा विषयगत शिक्षक दरवन्दि मिलान तथा व्यवस्थापन तथा स्वयं सेवक शिक्षक परिचालनको लागि १ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।
- हिमाली गाउँपालिकामा रहेका गरीव असाह्य र टुहुरा वालवालिकालाई नि: शुल्क खाना बस्न सहितको आवासीय विद्यालयमा पढ्ने व्यवस्था मिलाउन बजेटको ब्यबस्था मिलाएको छु ।
- महिनावारीका कारण पढाई छोडनुपर्ने अवस्थालाई अन्त्य गर्नका लागी प्रत्येक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउनुका साथै स्थानिय स्तरमा सेनेटरी प्याड निमार्णका लागि तालिमको व्यवस्था र स्यानिटरि प्याड डिस्पोजल गर्नका लागि डिस्पोजल मेसिनको व्यवस्थापनको लागि ८ लाख २३ हजार बजेट विनियोजन गरेको छु ।
- प्रत्येक विद्यार्थीहरुमा भएको अन्तरनिहित प्रतिभाहरुलाई प्रस्फोटनका लागि पालिका स्तरका विद्यालय विच प्रस्तिपधाको लागि हाजिरजवाफ, बक्तित्वकला, अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड जस्ता कार्यक्रम लागि बजेटको ब्यबस्था मिलाएको छु ।गरिब, दलित, हलिया, खलिया,अपाङ्गता भएका व्यक्ति, जनजाती र लोपउन्मुख समुदायका बालवालिकाहरुलाई उच्च प्रविधिक शिक्षामा छात्रवृद्धिको व्यवस्थालाई निरन्तरताको लागि बजेटको ब्यबस्था मिलाएको छु ।
- बिद्यालय दिवा खाजा घर निर्माणको गाउँपालिकाले व्यहोर्नुपर्ने साझेदार रकम भुक्तानी बाँकि व्यवस्थापनको लागि रु ४५ लाख बजेटको विनियोजन गरेको छु ।
- इसिडि विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाइ संघीय सरकारबाट दिइदै आएको सेवा सुविधा कम भएकाले उनीहरुको मनोवल उच्च बनाउनका लागि पालिकाले न्यूनतम सेवा सुविधा उपलब्ध गराउने गरि आवश्यक थंप १० लाख विनियोजन गरेको छु ।
- बिद्यालयमा छुट्टै भान्से कर्मचारीको आवश्यक ब्यबस्थापन गर्न १२ लाख विनियोजन गरेको छु।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

- स्वच्छ विद्यालय, स्वस्थ विद्यार्थी कार्यक्रम संचालन गरी विद्यालयको भौतिक व्यवस्थापन संगै भान्साकोठा, खाजाघर, शुद्ध खानेपानी र शौचालयको सुधार कार्यक्रम लगायतका लागि देहायका योजनाहरु प्राथमिकताका आधारमा बजेट विनियोजन गरेको छु ।

| | |
|---|---|
| गंगा आ.वि. घेरबार रोजगार संग साझेदार निर्माण, हिमाली -०३ बौडी | ३ लाख |
| युना मा.वि. भवन निर्माण, हिमाली -०३ युना | २० लाख |
| भवानी मा.वि. घेरबार निर्माण रोजगार साझेदार , हिमाली -०६ धुलाचौर | ५ लाख |
| खोलीडाँडा आ.वि. भवन निर्माण, हिमाली -०६ पाँडी | १९ लाख |
| बडीमालिका मा.वि भवन निर्माण , हिमाली -०६ धिम | १० लाख |
| बागेश्वरी मा.वि. भवन अधुरो मर्मत , हिमाली -०५ रुगिन | ५ लाख |
| कुलमष्टाजन आ.वि. फिल्ड निर्माण, हिमाली -०५ क्युडी | ६ लाख |
| लवासुर आ.वि. भवन निर्माण, हिमाली -०२ कोटिगाउँ | २० लाख |
| ठुलाकोट मा.वि. फिल्ड निर्माण, हिमाली -०२ कोट | २ लाख |
| बिच्छयाँ मा.वि मा फर्नेचर मर्मत , हिमाली -०१ बिच्छँया | २ लाख |
| जनता मा.वि. भवन मर्मत, हिमाली -०७ बाँधु | ६ लाख |
| सुनन्दा आ.वि. सौचालय हिमाली १ बामु | २ लाख ५० हजर |
| गोश्वरा आ.वि शोचालय खाडल लगायत संरचना निर्माण , हिमाली -०१ टिन | १ लाख ५० हजार |
| सैलेस्वारी मा बि फिल्ड निर्माण रोजगार शाखा संग साझेदार योजना | ३ लाख |
| नेरा आ.बि . फिल्ड तथा घेरवार रोजगार शाखा संग साझेदार योजना | २ लाख ५० हजार |
| रुम्दी आ.वि. फिल्ड निर्माण, हिमाली -०२ रुम्दी | १ लाख |

स्वास्थ्य तर्फः

- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधारऔजार तथा ,सामग्री , उपकरणको लागि १५ लाख व्यवस्था मिलाइनेछ ।
- बिच्छया स्वास्थ्य चौकी घेरबार निर्माणको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु।
- गुम्बा स्वास्थ्य क्लिनिक शोचालय तथा भवन निर्माण लागि रु ४ लाख बजेट विनियोजन गरेको छु।
- न्युनतम सेवा मापदण्ड )MSS) तथा रास्ट्रीय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य सस्थाबाट गुणस्तरीय रुपमा प्रवाह हुनेगरी आवश्यक बजेट विनियोजन गरेको छु।

- किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने गरि मातृ तथा नाबशिशु कार्यक्रममा रु १५ लाख बजेट विनियोजन गरेको छु।
- तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यस्थापन गर्न एकीकृत स्वास्थ्य सुचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाउन आवश्यक बजेटको ब्यबस्थापन गरेको छु।
- धुलाचौर स्वास्थ्य संस्थामा आँखा जांच तथा उपचार क्लिनिक संचालन गर्नको रु ५ लाख बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य घुम्ती सिविर तथा स्वास्थ्य कार्यक्रमको गर्नको रु ५ लाख बजेट विनियोजन गरेको छु।
- हिमाली ५ बच्छ्यामा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन तथा व्यवस्थापनको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।
- धुलाचौर नमुना बर्थिंग सेन्टर तथा स्वास्थ्य संस्था योजना संचालन तथा व्यवस्थापनको लागि रु ६ लाख बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको तलब भत्ता लगायतका लागि ९० लाख बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्यकर्मिको लागि तालिमको ब्यबस्थापन गरिनुको साथै अनलाइन रेकड़िग र रिपोर्टिंगलाइ थप व्यवस्थित र प्रबिधि मैत्री बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई नियमितता गराउन सबै स्वास्थ्य संस्थामा ई-हाजिरी जडानको व्यवस्थापन क्रमश गरिदै लिनको लागि आवश्यक बजेट विनियोजन गरेको छु
- हिमाली गाउँपालिका अन्तर्गतका सम्पूर्ण लक्षित उमेरका बालबालिकालाई खोपको सुनिश्चितता गरि पूर्ण खोप दिगोपना पालिका घोषणा कार्यक्रम लाइ निरन्तरता दिने गरि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सस्थागत सुत्केरी बढाउन क्युड़ी पाडी , कोट , र वोर्तामा बर्थिंग सेन्टरको स्थापना गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षाउत्प्रेरणा ,रक्तसंचार , गर्भवती, हप्ता सम्मको निशुल्क गर्भपतन सेवा कार्यक्रम संचालन १०न्यानो झोला र ,सेवागर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात तथा संचार खर्च लगायत प्रोत्साहन कार्यक्रमको आवश्यक बजेट गाउँपालिका तर्फबाट २ लाख बजेट विनियोजन गरिएको छ ।
- स्वास्थ्यकर्मीहरुलाई पेशामा उत्साही तथा प्रोत्साहानका लागि आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ ।
- ग्लोवल स्मार्ट हेल्थ कार्यक्रम लाइ थप विस्तार गर्ने गरि उक्त कार्यक्रमलाई (टेलिहेल्थ) निरन्तरतादिनको लागी आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ ।
- सबै स्वास्थ्य संस्थाको आवश्यकता पहिचान गरि जनशक्ति तथा स्वास्थ्य सामग्री एबं कम्प्युटर र इन्टरनेट जन्य सामग्रीको ब्यबस्थापन गर्न आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ।
- कम्तिमा १ जना दक्ष प्रसुतिकर्मी )SBA) नभएको स्वास्थ्य सस्थाहरुमा कार्यरत नर्सिंग कर्मचारीहरुलाई तालिमको लागि व्यवस्था गर्न आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ ।
- प्रजनन उमेरका महिलाकिशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार , ल्याउने उदेश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना च्च प्राथमिकतामाकार्यान्वयनलाइ उराखेर आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ ।
- हिमाली गाउँपालिका वडा नं ३ को बौडीमा गाउँघर क्लिनिक खोप क्लिनिक,स्थापना गर्न आवश्यक व्यवस्था गर्न आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ ।
- चौविसै घण्टा स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मीलाई थप प्रोत्साहनको व्यवस्थापन गर्न आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ ।
- हिमाली गाउँपालिकाका नागरिकहरुका लागि एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै गर्भवती, सुत्केरी महिलाहरुलाई र आपतकालिन अवस्थामा अस्पतालसम्म

पुगाउनको लागि निःशुल्क एम्बुलेन्स सेवा साथै आवश्यकताको आधारमा थप आर्थिक सहायता प्रदान गर्ने गरि आवश्यक बजेटको ब्यबस्थापन मिलाइएको छ ।

- उपचार खर्च नभएकै कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उधेश्यका साथ क्यान्सर रोगबाट पिडित व्यक्तिहरु, मुटु रोग , मृगौलाको अपरेसन तथा डाईलाइसिस गर्नुपर्ने समस्या भएका व्यक्तिहरु, दुर्घटनामा परि मेरुदण्ड, अन्य भाइटल अंग एवं टाउकोमा चोटपटक लागि अपरेसन सम्म गर्नुपर्ने अवस्थाका बिपन्न परिवारका नागरिकहरुलाई बिशेष उपचार खर्च सहायता उपलब्ध गराउने गरि बजेटको ब्यबस्था मिलाइएको छ ।
- पाठेघर खसेका महिलाहरुको सम्पुर्ण उपचार खर्च गाउँपालिकाले व्यहोर्ने गरि बजेटको ब्यबस्था मिलाइएको छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फः**

- उपाध्यक्ष संग महिलाबालबालिका तथा दलित लक्षित सिप तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्नको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।
- लाभग्राहीसंगको लागत साझेदारीमा आधारित उपाध्यक्ष संग महिला तथा लक्षित समुह उधम विकास कार्यक्रम संचालन गर्नको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु
- न्यायिक समिति अन्तर्गत समुदायमा न्यायिक सचेतना कार्यक्रम र उपाध्यक्ष संग बाल बिबाह अन्त्यको लागि बाल बिबाह तथा छुवाछुत निरुत्साहन कार्यक्रम संचालन गर्नको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।
- १६ दिने लैंगिक हिंशा बिरुद्दको कार्यक्रम , नारि दिवस कार्यक्रम , दलित नेटवर्क संगको कार्यक्रम, महिला अधिकार मंच , अपांगता भएका व्यक्तिलाई सहयोग लगायत सबै लक्षित बर्ग कार्यक्रम संचालन गर्नको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।
- युवा क्लब,बालक्लब ,स्थानीय ग्रामिण समुहहरु लगायत क्षेत्रमा संग्लग्नलाई लागत सहभागिताका आधारमा नवप्रवद्दन, उधम्सिलता एवं सृजनसिलतामा आधारित सहयोग कार्यक्रम संचालन गर्नको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।
- प्रत्येक वडामा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम संघ सस्थाहरुसँगको साझेदारीमा संचालन गर्ने गरि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

**सामाजिक सुरक्षा तर्फः**

- व्यक्तिगत घटना दर्ता अभियान संचालन गर्न वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।
- पालिका भित्रका ५५ वर्षभन्दा माथि वर्षभन्दा तलका अविवाहित पुरुषलाई 65 गाउँपालिकाको तर्फबाट मासिक रुपमा एकल पुरुष सामाजिक सुरक्षा भत्ताको व्यवस्था एको छु ।गर्न आवश्यक बजेट व्यवस्थापन मिला
- आपतकालीन बाल संरक्षण, आपतकालीन महिला संरक्षणको लागि कोषकोलागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।
- गाउँपालिका भित्रका ६५ बर्ष भन्दा माथि र ६८ बर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र ग र घ वर्गका सम्पूर्ण अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

**पूर्वाधार विकास तर्फः**

- कवाडी रुगिन र नदापाटा सडक स्तरउन्नति तथा नन्दपाटा ग्याम्चु सडक निर्माणको लागि रु १२ लाख बजेट विनियोजन गरेको छु।
- बोल्ढीक देखि पाँडीसम्म सडक स्तरउन्नती गर्नको लागि रु १९ लाख बजेट विनियोजन गरेको छु।
- धुलाचौर देखि धारे ढुङ्गा सडक स्तर गर्नको लागि रु १८ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- ल्वार गाउँ देखी लेख बोर्ता सम्म सडक स्तर उन्नती गर्नको लागि रु १८ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- मैतार्ना डीग्न्या चौर बिच्छया र युना बौडी सडक निर्माण योजना २ करोड ४३ लाख बजेट विनियोजन गरेको छु।
- किउडी कोटिगाउँ कोट हुदै विच्छाया सडक निर्माणको लागि १ करोड ५४ लाख बजेट विनियोजन गरेको छु।
- बाँधु गाउँ देखि स्वास्थ्य सम्म सडक निर्माणको लागि २ लाख बजेट विनियोजन गरेको छु।।
- सुलेनी चौर देखि पादुका बगर कर्णाली छाल सम्म सडक निर्माणको लागि २ लाख बजेट विनियोजन गरेको छु।
- क्युडी धल्ला हुदै रुम्दी सम्म सडक निर्माणको लागि १० लाख बजेट विनियोजन गरेको छु।

गाउँपालिका अध्यक्ष

- पारि बोल्डिक सडक निर्माण निर्माणको लागि ३ लाख बजेट विनियोजन गरेको छु।
- झिनी सडक निर्माण निर्माणको लागि ९ लाख बजेट विनियोजन गरेको छु।
- नजिकै रहेको कर्णालीको पानी लिफ्टिङ्ग प्रणालीद्धारा धुलाचौरमा खानेपानी र सिचाँइका लागि प्रयोग गर्ने गरि ५७ लाख बजेट व्यवस्थापन गरिएको छ ।

❖ खानेपानी तर्फ तपसिका योजना हरुलाई प्राथमिकताको आधारमा बजेट विनियोजन गरेको छु :

| | |
|---|---|
| ग्याम्चु हुँदै तुर्स्याखामलेख खानेपानी मर्मत , हिमाली -०५ रुगिन | २ लाख |
| दवाङ्टा खोला देखि नदापाटासम्म खानेपानी मर्मत, हिमाली -०५ नदापाटा | २ लाख ५० हजार |
| शैलेश्वरी खानेपानी ट्याकी मर्मत , हिमाली -०४ फैति | २ लाख |
| औल बर्ता खानेपानी संकलन ट्याङ्की, हिमाली -०४ बर्ता | ४ लाख |
| लाम्बारी कोट खानेपानी मर्मत, हिमाली -०२ कोट | ३ लाख |
| निउडीमेला खानेपानी निर्माण टिन, हिमाली -०१ | ३ लाख |
| गिउछा अधुरो खानेपानी निर्माण नेटा, हिमाली -०१ | १ लाख |
| गोरखोला तथा सिलकी खानेपानी निर्माण हिमाली -०३ युना | २ लाख |
| चण्डिका आ.वि. खानेपानी निर्माण, हिमाली -०६ बोल्ढिक | ४ लाख ५० हजार |
| ढिङ्गी देखि दारहाल्नासम्म खानेपानी निर्माण, हिमाली -०६ धिम | २ लाख ५० हजार |
| दावदेखि जरगाउँसम्म खानेपानी निर्माण, हिमाली -०५ क्युडी | ५ लाख |
| भुजपानी देखि माइका पानी सम्म खानेपानी निर्माण , हिमाली -०४ बोर्ता | ३ लाख |
| सिउडेनी खानेपानी मर्मत हिमाली -०१ | १ लाख |
| चम्लेडी बृहत खानेपानी नेटा हिमाली -०१ | १० लाख |
| मारै खानेपानी निर्माण हिमाली -०३ | १ लाख |
| वौडी खोला खानेपानी निर्माण हिमाली -०३ | १ लाख |
| एक घर एक धारा खानेपानी योजना , हिमाली -०७ बाँधु | ६ लाख |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

| | |
|---|---|
| बच्छा औल बस्ति तथा सरस्वती आ.वि. खानेपानी निर्माण, हिमाली -०५ बच्छया | ४ लाख ५० हजार |
| बडीराज खानेपानी निर्माण हिमाली ३ युना | १ लाख |
| मूल खानेपानी मर्मत हिमाली २ रुम्दी | १ लाख |
| मुहान संरक्षण लेख खर्क खानेपानी | २ लाख |
| फुलाई घट्ट र खानेपानी मर्मत हिमाली ३ बाजुरा | १ लाख |
| रुगिन ढलनिकास हिमाली -०५ , रुगिन | ३ लाख ५० हजर |
| नेटा ढलनिकास हिमाली -०१ ,नेट | २ लाख |
| देउसेन ढलनिकास हिमाली -०१ | १ लाख ५० हजर |
| सिम्याई देखि अथग्या चौर खानेपानी हिमाली ७ | १ लाख |

सिचाई तर्फा तपशिलका योजना हरुलाई प्राथमिकताको आधारमा बजेट विनियोजन गरेको छु :

| | |
|---|---|
| दाखा जिउलो सिचाई कुलो निर्माण, हिमाली -०६,धिम | ३ लाख |
| अंधेरीखोला सिचाई कुलो निर्माण, हिमाली -०६, धिम | २ लाख |
| गडया देखि हुड्के सिचाई कुलो हिमाली ६ धिम | २ लाख. |
| सुप सिचाई नहर निर्माण हिमाली -०५ क्युडी | ४ लाख |
| अहटया देखि भुवानी सम्म नाफी सिचाई कुलो निर्माण, हिमाली -०६ | ३ लाख |
| विउरी साघुराबाट देखि घाटसम्म सिचाई कुलो निर्माण हिमाली -०५ विउरी | ५ लाख |
| कुलीमुल सिहाँला सिचाई कुलो निर्माण, हिमाली -०६ धिम | २ लाख |
| कुलीमुल देखि माथि विउरीसम्म सिचाई कुलो तथा ढक्न सहित निर्माण, हिमाली-०५ रुगिन | ५ लाख |
| बौड़ी सिचाई कुलो निर्माण,हिमाली -०३,बौड़ी | ३ लाख |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| तल्लो कुलो सिचाई योजना , हिमाली ,-०७ बाँधु | ७ लाख |
| तरिखोला सिचाई कुलो निर्माण, हिमाली -०१ तरिखोला | ३ लाख |
| सिमेखोला देखि भेरे ढुंगा सिचाई कुला हिमाली ६ धिम | १ लाख ५० हजार |
| प्यारा सिचाई कुलो हिमाली ४ फैती | २ लाख |

गोरेटो घोरेटो बाटो तथा पदमार्ग तर्फा तपसिका योजना हरुलाई प्राथमिकताको आधारमा बजेट विनियोजन गरेको छु :

| | |
|---|---|
| सुप पुल देखि मेलडाडीसम्म बाटो निर्माण, हिमाली -०५ क्युडी | २ लाख ५० हजार |
| खाडया खोला देखि सल्यानी जाने बाटो निर्माण, हिमाली -०६ धिम | १ लाख |
| खलाकाँध उपल्ली काँध दह तथा भलानो निर्माण, हिमाली -०६ धिम | १ लाख |
| डिङ्ग्रीदेखि गैरिछाप सम्म जानेबाटो निर्माण, हिमाली-०६ धिम | १ लाख |
| कोट देखि दोसाँटा माथि ग्याम्चुसम्म बाटो निर्माण हिमाली -०५ रुगिन | २ लाख |
| फेरेकोइराला देखि लेख बोर्ता सम्म गोरेटोबाटो निर्माण तथा मर्मत हिमाली ४ | १ लाख |
| फैती फाला तिथि गोरेटो बाटो निर्माण तथा मर्मत फैती | ५ लाख |
| लेख बोर्ता देखि साखा सम्म गोरेटो बाटो निर्माण हिमाली -०४ बर्ता | ४ लाख ५० हजार |
| तल्लो रुम्दी देखी सिउडेनी जाने गोरेटो बाटो निर्माण हिमाली -०२ रुम्दि | २ लाख |
| माथिल्लो रुम्दी देखि हम खोला जाने बाटो हिमाली २ रुम्दी बाजुरा | १ लाख ५० हजार |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| नातिखोला देखि साबि काद हिमाली २ नाति खोला | ३ लाख ५० हजार |
| बामु देखि पेठे सम्म गोरेटो बाटो निर्माण हिमाली -०१ | १ लाख |
| टिन गोश्वारा ढोगर्ना बाटो हिमाली १ टिन बाजुरा | १ लाख |
| काहठाना बाटो मर्मत हिमाली ४ फैती | ७० हजार |
| फुलै ठाडा ढुङ्गा जोवरसम्म तिर्थस्थल तथा जडीबुटी पहुँच पद मार्ग बाटो निर्माण हिमाली -०३ | २ लाख |
| छालगौडा देखि पलेउटासम्म बाटो मर्मत हिमाली -०३ | २ लाख |
| माथिल्लो गाउँ खडेन्ची बाटो निर्माण हिमाली ७ | २ लाख |
| गुम्बा तटबन्धन निर्माण हिमाली -०३ | २ लाख ५० हजार |
| लेब्डी र तिथि देखि औल , फाला देखि औल , सबै बाटो मर्मत | २ लाख |
| मल्की ढिकुरा देखि भुनाफु सम्म गोरेटो बाटो हिमाली ६ धिम | १ लाख |
| दलित टोल देखि युना लेख सम्म बाटो हिमाली ३ युना | १ लाख |
| डीन्ग्री देखि छातेकाद सम्म बाटो हिमाली ६ धिम | ३ लाख |
| प्रहरी चौकी सौचालय र फर्निचर हिमाली १ नेटा | १ लाख |
| डाडाखला देखि बैदार घर सम्म सडक वाल हिमाली ६ धिम | ३ लाख |
| खउला देखा मेला डिल सम्म बाटो हिमाली २ | १ लाख |
| कुवाड़ी देखि रुगिन हुदै तुर्स्या खामलेख बाटो मर्मत हिमाली ५ | १ लाख |
| कुसुकाडा देखि देबीमाडू सम्म बाटो मर्मत हिमाली ४ फैती | २ लाख |
| धिम धिमसेरा सम्म बाटो गोरेटो बाटो हिमाली ६ धिम | १ लाख |
| पाडी देखि धिम सेरा गोरेटो बाटो हिमाली ६ पाडी | ७० हजार |

| | |
|---|---|
| शिक्षा तर्फ इन्टरनेट /ई-हाजिरी /शैक्षिक सामग्री र शिक्षाका अन्य सहयोगी कार्यक्रम सहयोग योजना | ६ लाख |
| विपद कोष | चालिस लाख |

| | |
|---|---|
| भैपरी आउने पुजीगत | ३० लाख |
| सेवा परामर्श | ३० लाख |
| साझेदारी | चालिस लाख |
| डिजिट प्रणाली तथा इन्टरनेट ब्यबस्थापन | आठ लाख |
| विघुत संरचना सबै स्थानको लागि | चालिस लाख |

चालु आ.व. मा सम्झौता भई कार्यसम्पान भएका एवं गाउँपालिकाको दायित्व सिर्जना भएका योजना तथा कार्यक्रमहरुको आ.व. २०८२/०८३ मा दायित्व सर्ने गरि तपसिलका योअजना तथा कार्यक्रमा वजेट विनियोजन गरेको छु :

| | चालु आ.व. २०८१/०८२ मा भुक्तानी दिन बाँकी रकम तथा आ.व.२०८२/८३ मा दायित्व सरेको | |
|---|---|---|
| क्र.स. | योजनाको नाम | भुक्तानी दिन बाँकि रकम |
| १ | रोजगार कार्यक्रम अन्तर्गतको भुक्तानी दिन बाकि | ४०००००० |
| २ | बागेश्वरी माध्यमिक विद्यालय छात्राबास निर्माण समपुरक संघीय साझेदारी गर्नुपर्ने बाँकी | १८५०००० |
| ३ | फैती ठाँटी देखि लेख बोर्ता हुदै ग्याम्चु कुसुडाँडा हुदै रुगिनसम्म कृषि सडक निर्माण क्रमागत | १८००००० |
| ४ | क्यूडी स्वास्थ्य चौकी भवन निर्माण क्रमागत तिर्न बाँकि | १०५३००० |
| ५ | सात वटा वडाका कार्यालय भवन निर्माण (वडा नं. ३ बौडी) भुक्तानी बाँकी | १७०६००० |
| ६ | सात वटा वडाका कार्यालय भवन निर्माण (वडा नं.१ बिच्छ्या भुक्तानी बाँकी ) | १४७६००० |
| ७ | ने.रा. आ.वि. बिद्यालय भवन तथा तला थप बोर्ता भुक्तानी बाँकी | २३००००० |
| ८ | लेख बोर्ता देखि ग्याम्चु हुदै नदापाटा सडक निर्माण भुक्तानी बाँकी | १८००००० |
| १० | कुवाडी त्रिबेणी धाम (शिव मन्दिर) हिमाली ५ कुवाडी | १४००००० |
| ११ | भानाढ्कुरी मन्दिर प्लास्टर लगायत कामको पुरानो बाँकी हिमाली ४ बोर्ता | १५०००० |
| १२ | खडाडिल पम्पानी मैतना डिङ्न्याचौर बौडी सडक हिमाली १, ३ | १२५००००० |
| १३ | बिपत बाट प्रभावितहरुको पुननिर्माण घरको गा.पा.को लागत साझेदारी | २५००००० |
| १४ | नदपाटा कैलास मन्दिर हिमाली ५ नदपाटा भुक्तानी बाकी | १००००० |
| १५ | धुला चौर औधोगिक ग्राम घेराबार वाल | ६००००० |
| १६ | काफलखाडा बच्छ्या गाउँ सम्म सडक हिमाली ५ बच्छ्या | २१००००० |
| १७ | सैलेस्वरी माध्यमिक विद्यालय फैती को मंच बनाएको गत बर्षको तिर्न बाँकी | ८००००० |
| १८ | कुवाडी लघुजलबिधुत नहर संरचना बनाएको भुक्तानी बाकी | ३५०००० |

CamScanner

| | | |
|---|---|---|
| १९ | बौडी गुम्बा रानिसैन सम्म पर्यटकीय पदमार्ग भुक्तानी बाँकि | ५००००० |
| २० | औल देखि लेखबोर्ता सम्म बिधुत पोल खनेको, लायन जोडेको र पानी खाल निर्माण गर्ने, लवासुर मन्दिर सम्म अपांग मैत्री बाटो संस्था संग साझेदारी सबै कामको लागि | १००००० |
| | | ३७०८५००० |

गाउँ सभा अध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यूहरु,

अन्त्यमा,

हिमाली गाउँवासी लगायत समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरुलाई भुकम्प तथा बाढीपहिरो लगाएतका विपतको उच्च जोखिममा रहेको हाम्रो क्षेत्र भिरालो भु-भाग हुनाले वर्षादको समय सुरूवात भैसकेकोले हुनसक्ने सम्भावित जोखिमबाट सुरक्षित रहन सावधानी अपनाउन र आत्मविश्वासका साथ रहन अपील् गर्दै हिमालीको विकासमा हातेमालो गर्न आव्हान गर्दछु ।

**धन्यवाद**

राजकला सार्की
उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
हिमाली गाउँपालिका बाजुरा ।
२०८२ असार १० सोमबार